नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २५० २०८१ साल बैशाख २८ गते शुक्रबार (10 May 2024 Friday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : खडेरीका कारण ट्युबेलको पानी ३ पृष्ठमा : उपेन्द्र यादवको एक्लौटी कार्यशैलीका ... ३ पृष्ठमा बिरामी विदा हडतालपछि ...

# नेपाल बैंकका सुरक्षा गार्ड मृत अवस्थामा फेला

**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

सप्तरीको सप्तकोशी नगरपालिका १ फत्तेपुरस्थित नेपाल बैंक लिमिटेडका सुरक्षागार्ड बिहीवार बैंक भित्रै रहेको क्वाटरमा मृत अवस्थामा फेला परेका छन् ।

सप्तकोशी नगरपालिका २ निवासी ५६ वर्षिय परशुराम फुयाल बिहान ७ बजे तिर बैंक परिसरमा रहेको क्वाटर भित्रै मृत अवस्थामा फेला परेका हुन ।

नेपाली सेनाबाट सेवानिवृत भएपछि उनी विगत ७ वर्ष देखि उक्त बैंकमा सुरक्षागार्डको रुपमा कार्यरत थिए ।

सूरुमा उच्चरक्तचापका बिरामी फुयालको सोही कारणले मृत्यु भएको हुन सक्ने आशंका गरिएपनि घट्नास्थलको प्रकृति तथा सीसीटीभी फुटेज चेक गर्दा हत्या भएको संकेत गरेको प्रहरीको भनाई छ । यद्यपी यसबारे अनुसन्धान भईरहेकोले सत्य तथ्य सार्वजनिक गर्न केही समय लाग्ने




इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी महेन्द्र नेपालले जानकारी दिए ।

बैंकमा रहेको सीसीटीभी फुटेज चेक गर्दा मध्यराती तिर एक जना नकाबधारी ब्यक्ती बैंक भित्र ओहोर दोहोर गरेको देखिएको डिएसपी नेपालले बताए । उनले फुयालको शव पोस्टमार्टमका लागी धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको र पोस्टमार्टम रिर्पोट आएपछि यकिनका साथ भन्न सकिने बताए ।

बिहान कोठा नखुलेपछि शंका लागेर ढोका खोलेर हेर्दा सुरक्षागार्ड फुयाल मृत अवस्थामा भेटिएको बैंकका कर्मचारीहरुले बताए । बैंकको रकम लुट्ने उद्देश्यले नकाबधारी प्रवेश गरेको हुन सक्ने तथा प्रतिकार गर्दा गार्ड मारिएको हुन सक्ने समेत अनुमान गरिएको छ । यद्यपी अनुसन्धान सकिएपछि मात्र यर्थात भन्न मिल्ने प्रहरी अधिकारीहरुको भनाई छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले सीसीटिभी फुटेजमा देखिएका ब्यक्ती बैंक लुट्ने प्रयोजनका लागी नकाब लगाएर चोर बाटोबाट मध्यराती बैंकमा प्रवेश गरेको अनुमान गरिएको बताउँदै बैंक भित्र रहेका सबै सम्पती सुरक्षित रहेको जानकारी दिए ।

यसैबीच बिहीवार नै घट्ना स्थलमा कोशी प्रदेश प्रहरी कार्यालयबाट डग स्क्वाड (तालिम प्राप्त कुकुर) ल्याइ प्रयोग गरिको छ । डग स्क्वाडले पनि केही संकेत गरेकोले त्यसको पनि अध्ययन गर्दै सीसीटिभी फुटेजमा देखिको नकाबधारी ब्यक्तीको खोजी कार्य तिब्र बनाइएको उनको भनाई छ ।

# जलेश्वरका मेयर, उपमेयरसहित १२ जना बिरुद्ध भ्रष्टचार सम्बन्धी मुद्दा दायर





**दैनिक समाचारदाता**
**महोत्तरी, २७ बैशाख ।**

महोत्तरीको जलेश्वर नगरपालिकाका मेयर, उपमेयर र प्रमुख प्रशासकीय अधिकृतसहित १२ जनाविरुद्ध अख्तियार अनुसन्धान आयोगले भ्रष्टाचार सम्बन्धी मुद्दा दायर गरेको छ ।

आयोगले नगरपालिका वडा

***बाँकी अन्तिम पृष्ठमा***

# नेपाली काँग्रेस र नेविसंघद्वारा अग्निपीडितलाई ट्युवेल र खाद्यान्न प्रदान





**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

नेपाली काँग्रेस र नेपाल विद्यार्थी संघ सप्तरीले बिहीबार चिम्टीका अग्निपीडितलाई राहत स्वरुप ट्युवेल, खाद्यान्न र बालबालिकालाई स्टेशनरी प्रदान गरेको छ ।

काँग्रेसका सप्तरी सभापति रामदेव साहले अग्निपीडितहरुका लागि ६ थान ट्युवेल, पाईप र त्यसको जडानमा लाग्ने खर्चसहित वडाध्यक्ष जयकिशोर दासलाई हस्तान्तरण गरेका छन् ।

अग्निपीडितलाई स्वच्छ खानेपानी सहजका साथ उपलब्ध गराउन ट्युबेल बितरण गरिएको सभापति साहले बताए । उनले अग्निपीडितलाई खाद्यान्न सहितका सामग्री विभिन्न सरकारी तथा गैरसकारी निकायबाट उपलब्ध हुँदै आएको अवस्थामा पार्टीले खानेपानीको आवश्यकतालाई पुर्ति गर्न जडान खर्च सहित ट्युवेलसेट उपलब्ध गराएको जानकारी दिए ।

यसैगरी नेपाल विद्यार्थी संघ सप्तरीले अग्नीपीडित ६६ परिवारजनलाई राहत स्वरुप खाद्यन्न सामग्री र बालबालिकालाई स्टेशनरी प्रदान गरेको छ ।

राहतमा चामल, दाल, खानेतेल, च्युरा, नुन लगायतका सामग्री तथा बालबालिकालाई स्टेशनरी प्रदान गरेको नेविसंघ सप्तरीका सभापति राकेश ठाकुरले जानकारी दिए ।

बैशाख १८ मा महादेवा गाउँपालिका वडा १ चिम्टीमा भिषण आगलागी हुँदा ६६ परिवारका एक सय भन्दा बढी घर जलेर खरानी भएको थियो ।

अहिले अग्निपीडितहरुलाई बसोबासको समस्या रहेको स्थानिय वडाध्यक्ष जयकिशोर दासले बताए । प्रति परिवारलाई कम्तिमा पनि पाँच जना सम्म बस्न सकिने ठोस घरको सबै भन्दा बढी खाँचो रहेकोले सहयोगी निकायहरुलाई त्यतातिर ध्यान दिन वडाध्यक्ष दासले आग्रह गरे ।

राहत वितरण कार्यक्रमा

***बाँकी अन्तिम पृष्ठमा***



**जल तथा मौसम विज्ञान विभागले तापक्रम बढेसँगै तराईका जिल्लाहरुमा तातोहावा लु चल्न सक्ने सम्भावना रहेको र यसले स्वास्थ्यमा असर पार्न सक्ने भएकाले सचेत रही सुरक्षाका उपायहरु अपनाउन अनुरोध गर्दछौं ।**

**तातोहावा लु बारे बुझौं र बच्न सुरक्षाका उपायहरू अपनाऔं ।**

**तातो हावा तथा लु लाग्दाका असरहरू**

- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्याधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने

गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं । उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं ।

अनुरोधकर्ता
सप्तकोशी नगर कार्यपालिकाको कार्यालय, सप्तरी

## बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:

- ➢ सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- ➢ विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- ➢ खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- ➢ लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- ➢ सहज शौचालयको व्यवस्था गरौं,
- ➢ अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- ➢ अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- ➢ बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# उपेन्द्र यादवको एकलौटी कार्यशैलीका कारण अलग : जसपा अध्यक्ष राई

**दैनिक समाचारदाता**
**काठमाडौं, २७ बैशाख ।**

नवगठित जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राईले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको एकलौटी कार्यशैलीका कारण अलग भएको बताएका छन् ।




पार्टीमा सुरुवातबाटै आफूहरू मारमा परेकाले अहिले विद्रोह गर्नुपर्ने अवस्था आएको उनको भनाइ थियो ।

पार्टी गठन पछिको पहिलो पत्रकार सम्मेलनमा अध्यक्ष राईले पार्टी विभाजनको सम्पूर्ण दोष जसपा नेपालका अध्यक्ष यादव रहेको जिकिर गरे । महाधिवेशन नै अनियमित ढंगले कब्जा गरेर अध्यक्ष यादवले पार्टीभित्र मनोमानी गरेको अध्यक्ष राईको आरोप थियो ।

उनले भने, 'उहाँविरुद्ध असन्तुष्टि त छँदै थिए । उहाँ अमेरिका उड्नुअघि एउटा परिपत्र जारी गर्नुभएको थियो, त्यो परिपत्रले विष्फोटक स्थिति बनायो ।'

गठबन्धन बचाउन नेकपा एमाले र माओवादी केन्द्रका अध्यक्षहरूले पार्टी फुटाएको भन्ने चर्चाको खण्डन गर्दै राईले सत्ताको अंकगणितले पार्टी विभाजन नभएको स्पष्ट पारे ।

# कोशी प्रदेशका मुख्यमन्त्री कार्कीद्वारा पद तथा गोपनीयताको सपथ



विराटगर, २७ वैशाख (रासस) । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पद तथा गोपनीयताको सपथग्रहण गर्नुभएको छ ।

नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम बिहीबर मुख्यमन्त्रीमा नियुक्त उहाँले कोशी प्रदेश प्रमुख पुरशुराम खापुङ्गसमक्ष पद तथा गोपनीयताको सपथग्रहण गर्नुभएको छ ।

त्यसैगरी बिहीबारै मन्त्रिपरिषद् समेत गठन गरिएको छ । मुख्यमन्त्री कार्कीको सिफारिसमा गणेशप्रसाद उप्रेती र रामबहादुर मगरलाई विनाविभागीय मन्त्रीमा नियुक्त गरिएको छ ।

नवनियुक्त मन्त्रीहरूले समेत नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम प्रदेश प्रमुख खापुङसमक्ष पद तथा गोपनियताको सपथ गराउनुभएको प्रदेश प्रमुखको सचिवालयले जनाएको छ ।


## वी.पी. स्मारक पब्लिक माध्यमिक विद्यालय
हनुमाननगर कंकालिनी न.पा.-१, भारदह, सप्तरी

पान नं.: २०१२७२८२२
पत्र संख्या :- २०८०/०८१
चलानी नम्बर :-
विद्यालय कोड नं. ... ० ० ० १
मिति: २०८१/०१/२५

विषय : कार्यालय सहायक (लेखापाल) को आवश्यकता सम्वन्धमा ।

यस वी.पी.स्मारक पब्लिक माध्यमिक विद्यालय,भारदह,हनुमाननगर-कंकालिनी न.पा.-१,सप्तरीको रिक्त कार्यालय सहायक (लेखापाल) पदपूर्तिको लागि हनुमाननगर-कंकालिनी नगरपालिकाको मिति २०८०/१२/३० को अनुमति तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/२४ गतेको निर्णय बमोजिम कार्यालय सहायककोयस नियुक्ति गर्नु पर्ने भएकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८१/०२/०८ गते) भित्र तपसिलको पदमा उल्लेख सर्त अनुसार रीतपूर्वको दरखास्त आव्हान गरिन्छ ।

तपसिल

१) विज्ञापन नं. ०१/२०८०-०८१
क) पद : कार्यालय सहायक (लेखापाल) ख) नियुक्तिको प्रकार : करार ग) पद संख्या : १ (एक)
घ) शैक्षिक योग्यता : वाणिज्य संकायमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
कम्प्युटरमा PCA Course पूरा गरेको ।
२.उमेरको हद: दरखास्त बुझाउने अन्तिम मिति २०८१/०२/०८ सम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
३.संलग्न राख्नु पर्ने कागजातहरु : - आफुले हासिल गरेको योग्यता प्रमाणपत्रको प्रतिलिपी १/१ थान
नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान-१
- फोटो (पासपोर्ट साइज) थान ३ ।
- कम्प्यूटर तालिमको प्रमाणपत्रको प्रतिलिपी थान -१
४. छनौटको किसिम : लिखित परीक्षा (वस्तुगत र विषयगत) , अन्तर्वार्ता तथा प्रयोगात्मक ।
५. दरखास्त दिने स्थान : बी. पी. स्मारक पब्लिक माध्यमिक विद्यालय भारदह विहान १०:०० - २:०० बजे सम्म ।
६. पाठ्यक्रम : कार्यालय सहायक कर्मचारीको पाठ्यक्रम बमोजिम हुनेछ । ।
७. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ ।
८. तलब स्केल : विद्यालय कर्मचारी छनौट कार्यविधि- २०८० अनुसार ।
९. आवेदन दस्तुर : रु.७००/
१०.सम्पर्क मिति : २०८१/०२/०९
१०.थप जानकारीको लागि सम्पर्क नं. ९८६२८६६३६५

२०८१/०१/२५
प्रधानाध्यापक
प्रधानाध्यापक


## विश्व समाचार

### बिरामी बिदा हडतालपछि एयर इन्डियाका ७४ बजेट उडान रद्द

मुम्बई, २७ वैशाख (रासस/एएफपी) ।

अन्तिम समयमा चालक दलका दर्जनौं सदस्यले बिरामी भएको भन्दै सञ्चालनमा गम्भीर अवरोध गरेको एक दिनपछि एयर इन्डियाको बजेट वाहक सहायक कम्पनीले बिहीबार ७४ वटा उडानहरू रद्द गरेको छ ।

भारी ऋणग्रस्त वाहकलाई निजीकरण गर्ने सरकारी प्रयासपछि सन् २०२२ मा भारतीय समूह टाटा समूहले एयरलाइनलाई अधिग्रहण गरेको थियो ।

मिडिया रिपोर्टले अचानक सामूहिक बिरामी बिदालाई यसको नयाँ स्वामित्वले लगाएको भर्ती र पदोन्नतिको नयाँ नीतिहरूमा कर्मचारीहरूको असन्तुष्टिसँग जोडेको छ ।

"हाम्रा पाहुनाहरूलाई असुविधा कम गर्न हरसम्भव प्रयास गरिएको छ तर बिहीबार ७४ वटा उडान रद्द गर्न बाध्य भएका छौं", एयर इन्डिया एक्सप्रेसले विज्ञप्तिमा भनेको छ ।

कर्मचारी अभावका कारण मङ्गलबारदेखि ९० भन्दा बढी उडान 'अवरुद्ध' भएको एयरलाइन्सले बुधबारको विज्ञप्तिमा जनाएको थियो ।

प्रमुख कार्यकारी आलोक सिंहले आगामी दिनमा एयरलाइन्सले आफ्नो उडान तालिका घटाउन बाध्य भएको बताउनुभयो ।

"हिजो साँझदेखि हाम्रा एक सयभन्दा बढी चालक दलका सदस्यहरूले आफ्नो निर्धारित ड्युटीअघि अन्तिम समयमा बिरामी भएको सूचना दिनुभयो, यसबाट हाम्रो परिचालन गम्भीररूपमा अवरुद्ध भए", उहाँले भन्नुभयो, "यो कार्यले निश्चितरूपमा ड्युटीको आग्रहलाई प्रतिक्रिया दिन जारी राख्ने कम्पनीका दुई हजार चालक दलका सदस्यहरूको प्रतिनिधित्व गर्दैन ।"

मिडिया रिपोर्टहरूमा बजेट वाहकले कम्तीमा २० कर्मचारीलाई बर्खास्त गरेको जनाइएको छ । एयर इन्डिया एक्सप्रेसका प्रवक्ताले बिहीबार एयरलाइन्सले थप विवरण उल्लेख नगरी केही व्यक्तिविरुद्ध उचित कदम चालेको जानकारी दिनुभयो । "हामीले केही व्यक्तिविरुद्ध उचित कदम चालेका छौं किनकी उनीहरूको कार्यबाट हाम्रा पाहुनाहरूलाई गम्भीर असुविधा भएको छ", उहाँले भन्नुभयो ।

भारतीय सञ्चारमाध्यमका अनुसार आक्रोशित यात्रुहरूले ढिलाइ र रद्द गरिएका उडानहरूको अपडेट प्रतीक्षा गरिरहेका कारण नयाँदिल्ली विमानस्थलमा बुधबार अराजक दृश्यहरू देखिएको थियो ।

### अफगानिस्तान विस्फोटमा तीनको मृत्यु, पाँच घाइते

काबुल (अफगानिस्तान), २७ वैशाख (रासस/एएनआई) ।

अफगानिस्तानको बदख्सान प्रान्तको केन्द्रमा बुधबार सुरक्षा बललाई लक्षित गरी भएको विस्फोटमा तीन जनाको मृत्यु हुनुका साथै अन्य पाँच जना घाइते भएको टोलो न्युजले जनाएको छ ।

तालिबानको गृह मन्त्रालयले फैजाबाद सहरमा सुरक्षा बलको शिविरलाई लक्षित गरी बिस्फोट गराइएको जनाएको छ । अफिम खेती उन्मूलन गर्ने अभियानमा सुरक्षा बलको क्याम्प त्यस क्षेत्रमा तैनाथ थियो ।

प्रारम्भिक जानकारी अनुसार घटनामा तीन जना सुरक्षा बलका सदस्यहरूको मृत्यु हुनुका साथै अन्य पाँच जना घाइते भएको मन्त्रालयका प्रवक्ता अब्दुल मतिन कानीले बताउनु भयो ।

यसैबीच, बदख्सानका नागरिकहरूले तालिबानलाई यस क्षेत्रको सुरक्षा बढाउन अनुरोध गरेको बदख्सानका बासिन्दा रसूलले उल्लेख गर्नुभयो । अहिलेसम्म कुनै व्यक्ति वा समूहले उक्त विस्फोटको जिम्मेवारी लिएको छैन । घटनाको थप बिवरणको प्रतिक्षा गरिएको छ ।

### दक्षिणी युक्रेनमा रुसी गोलाबारी, दुई युक्रेनी नागरिकको मृत्यु

किभ, २७ वैशाख (रासस/एएफपी) ।

युक्रेनले बिहीबार दक्षिणी शहर निकोपोलमा रुसी गोलाबारीमा दुई जनाको मृत्यु भएको जनाएको छ तर बिहीबार राति रुसले प्रहार गरेका २० वटा ड्रोनमध्ये अधिकांश नष्ट गरेको बताएको छ ।

सन् २०२२ को अन्त्यदेखि फ्रन्टलाइनमा परिणत भएको डेनिप्रो नदी पार गरेर तैनाथ रूसी सेनाबाट निकोपोल नियमित रूपमा आक्रमणको शिकार भएको थियो ।

रुसले प्रहार गरेको क्षेप्यास्त्रबाट ६२ वर्षीय पुरुष र ६५ वर्षीया महिलाको ज्यान लिएको क्षेत्रीय गभर्नर सेर्गी लिसाकले बताउनुभयो । उहाँले आगो लागेको घर र धेरै क्षतिग्रस्त भवनहरूको फोटो प्रकाशित गर्नु भएको छ ।

बिहीबार राति नै रुसले प्रहार गरेका २० वटा ड्रोनमध्ये युक्रेनको वायु रक्षा बलले दक्षिणी ओडेसा क्षेत्रमा १७ वटा नष्ट गरेको थियो ।

एउटा ड्रोनले दक्षिणी माइकोलाइभ क्षेत्रको दुई तले भवनलाई क्षतिग्रस्त बनाएको आपतकालीन सेवाले टेलिग्राममा लेखेको छ, तर त्यहाँ कुनै हताहत भएको रेकर्ड गरिएको छैन ।

# अग्निपीडितलाई जस्तापाता र टेबल पंखा वितरण



**दैनिक समाचारदाता**
**राजविराज, २७ बैशाख ।**

महादेवा गाउपालिका वडा नं १ चिम्टीका अग्नीपीडितलाई बिहिवार क्याप्टिभेटिङ्ग नेपालको सहयोगमा सुमार्ग नेपालले जस्तापाता वितरण गरेको छ ।

अग्निपीडित ६६ परिवारलाई सुमार्ग नेपालले १ बन्डल जस्तापाता वितरण गरेको हो ।

सो अवसरमा गाउपालिकाका उपाध्यक्ष अर्चना कुमारी यादव, गाउपालिकाका पूर्व अध्यक्ष दिपक कुमार यादव, वडा अध्यक्ष जयश्वर किशोर दास, सुमार्ग नेपालका अध्यक्ष मुरारी शुक्ला सहितकाले जस्तापाता वितरण गरेका थिए ।

यस्तै बिहीबारै निर्माण व्यवसायी संघ सप्तरीले अग्निपीडित परिवारलाई एक थान टेबल पंखा बितरण गरेको छ । संघका अध्यक्ष सतिशचन्द्र मिश्रले सबै परिवारलाई उक्त टेबल पंखा बितरण गरिएको जानकारी दिए ।

---

## *जलेश्वरका मेयर, ...*

नम्बर १ स्थित हाटबजार क्षेत्रमा भइरहेको ढलानमा गुणस्तरहीन काम गरी भ्रष्टाचार गरेको आरोपमा नगर प्रमुख सुरेशसाह सोनार, उपप्रमुख रौशन खातुन, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकालसहित १२ जनाविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको हो ।

आयोगले वडा नं. १ का अध्यक्ष अनिलकुमार झा, नगरपालिकाका अधिकृत छैठौं धिरेन्द्र झा, बरिष्ठ इन्जिनियर पवनकुमार झा, इन्जिनियर राकेशकुमार चौधरी, सब-इन्जिनियर दिपेशकुमार साह, कार्यपालिका सदस्य सोगरा खातुन, उपभोक्ता समितिका अध्यक्ष राकेशकुमार साह, सचिव सिकेन्द्र चौधरी र कोषाध्यक्ष संतोषी देवी विरुद्ध अदालतमा मुद्दा दायर गरिएको आयोगका सहसचिव एव प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

जलेश्वर नगरपालिकाबाट आर्थिक बर्ष २०७९/८० मा सञ्चालित योजनामा वास्तविक भए गरेको कामभन्दा बढी कार्य गरेको भनी नक्कली विवरण खडा गरेर भ्रष्टाचार गरेको पाइएको आयोगका प्रवक्ता घिमिरेले बताए ।

उनका अनुसार अख्तियारले उक्त योजनामा भएको काम भन्दा पाँच लाख ८४ हजार ६ सय ३७ रुपैयाँ बढी भुक्तानी भएको भन्दै सबै जनासँग त्यति रकम बिगो माग दाबी गरेको छ ।

## *नेपाली कांग्रेस र ...*

कांग्रेस सप्तरी उपसभापति रामकुमार यादव, सचिव सनत मंडल, युवा नेत ईरसाद अन्सारी, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनाराण साह, तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुण मंडल, कृष्णासवरण गाउँपालिकाका उपाध्यक्ष कल्पना चौधरी लगायतका उपस्थिति थियो ।


भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
“गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता”

हाम्रो विशेषताहरु
- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

सम्पर्क फोन नं. ०३१-५९०१९२
मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)
मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१






अनुरोधकर्ता
बालनबिहुल गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी






अनुरोधकर्ता
बोदेबरसाइन नगर कार्यपालिकाको कार्यालय, सप्तरी






अनुरोधकर्ता
खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*